# सहकारी ऐन,२०७५

(मिति २०७७ साल कार्तिक मसान्तसम्म भएका संशोधनहरु समेत मिलाइएको)

प्रदेश सरकार

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

गण्डकी प्रदेश, पोखरा ।

आन्तरिक मामिला तथा
, गण्डकी प्रदेश

# सहकारी ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५।१०।२७

२०७५ सालको ऐन नं २०

**सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना:** सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सर्वसाधारण वा समुदायमा छरिएर रहेको पूँजी, प्रविधि, ज्ञान, सीप, श्रम तथा प्रतिभालाई स्वावलम्बन तथा पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन एवं समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्न समुदायमा आधारित सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित सगंठनका रूपमा सहकारी सङ्घ, संस्थाको दर्ता, सञ्चालन, नियमन तथा प्रवर्धन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद –१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सहकारी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन गण्डकी प्रदेशभर लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आन्तरिक कार्यविधि" भन्नाले सहकारी संस्थाले दफा २५ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनु पर्छ ।

(ख) "कसुर" भन्नाले दफा ८४ बमोजिमको कसुर सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "दर्ता अधिकारी" भन्नाले दफा ७४ बमोजिमको दर्ता अधिकारी सम्झनु पर्छ ।

(ङ) "परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनु पर्छ ।

तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(च) "प्राथमिक पूँजी कोष" भन्नाले शेयर पूँजी र जगेडा कोष भन्ने सम्झनु पर्छ ।

(छ) "बचत" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(झ) "मुख्य कारोबार" भन्नाले संस्था वा सङ्घले सञ्चालन गरेको व्यवसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्य तर्फको खरिद वा बिक्री

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

कारोबारमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार सम्झनु पर्छ ।

(ञ) “लेखा सुपरिवेक्षण समिति” भन्नाले दफा ४५ बमोजिमको लेखा सुपरिवेक्षण समिति सम्झनु पर्छ ।

(ट) “विनियम” भन्नाले सम्बन्धित सहकारी संस्थाले दफा २४ बमोजिम बनाएको विनियम सम्झनु पर्छ ।

(ठ) “शेयर” भन्नाले सहकारी संस्थाको शेयर पूँजीको विभाजित अंश सम्झनु पर्छ ।

(ड) “स्थानीय तह” भन्नाले गाउँपालिका र नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिकालाई समेत जनाउँछ ।

(ढ) “सन्दर्भ ब्याज दर ” भन्नाले दफा ४८ बमोजिम निर्धारण गरिएको ब्याज दर सम्झनु पर्छ ।

(ण) “सञ्चालक” भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको पदाधिकारीलाई समेत जनाउँछ ।

(त) “सदस्य” भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(थ) “समिति” भन्नाले दफा ३८ को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ ।

(द) “सहकारी संस्था” भन्नाले संस्था, सङ्घ र प्रदेश सहकारी बैंकलाई सम्झनु पर्छ ।

(ध) "संस्था" भन्नाले दफा ३ बमोजिम गठन भई दफा १३ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय संस्था सम्झनु पर्छ ।

(न) "सङ्घ" भन्नाले दफा १३ बमोजिम दर्ता भएका जिल्ला विषयगत सहकारी सङ्घ, जिल्ला सहकारी सङ्घ, प्रदेश विषयगत सहकारी सङ्घ र प्रदेश सहकारी सङ्घलाई सम्झनु पर्छ ।

(प) "सहकारी बैंक" भन्नाले दफा १० बमोजिम दर्ता भएको प्रदेश सहकारी बैंकलाई सम्झनु पर्छ।

(फ) “सहकारी मूल्य” भन्नाले स्वावलम्वन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यबद्धता, ईमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरूको हेरचाह गर्ने लगायतका अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनु पर्छ ।

(ब) “सहकारी मान्यता” भन्नाले सामाजिक उत्तरदायित्व वहन गर्ने, गैर सदस्यसँग कारोवर नगर्ने, सकारात्मक कार्य गर्ने लगायतका अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मान्यता सम्झनु पर्छ ।

(भ) “सहकारी सिद्धान्त” भन्नाले स्वेच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी-सहकारीबीच पारस्परिक सहयोग र समुदायसँगको सरोकार लगायतका अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनु पर्छ ।

(म) “संस्थाको व्यवसाय” भन्नाले सहकारी संस्थाको विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनु पर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(य) “साधारण सभा” भन्नाले सहकारी संस्था, सङ्घ र प्रदेश सहकारी बैंकको साधारण सभा सम्झनु पर्छ ।

## परिच्छेद–२

## सहकारी संस्थाको गठन तथा दर्ता

३. **संस्थाको गठनः** (१) कम्तीमा उनान्तीस जना नेपाली नागरिकहरू आपसमा मिली विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रमिक, युवा, महिला, अपाङ्गता भएका व्यक्ति लगायतले आफ्नो श्रम वा सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्र जना नेपाली नागरिकहरू भए पनि संस्था गठन गर्न सक्नेछन् ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महानगरपालिका र उपमहानगरपालिका क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने संस्था गठन गर्दा कम्तीमा एकसय एक जना नेपाली नागरिकहरूको सहभागिता हुनु पर्नेछ ।

(४) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१), (२) वा (३) मा उल्लिखित सङ्ख्या पुगेको हुनु पर्नेछ ।

तर दफा १३ बमोजिम संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा बहाल रहेका कम्तीमा एक सय एक जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका शर्त, बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

तर एक सय एक जनाभन्दा कम संख्या रहेको एउटै कार्यालय, विश्वविद्यालय, विद्यालय वा संगठित संस्थामा कम्तीमा तीस जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

४. **जिल्ला विषयगत सहकारी सङ्घको गठनः** सहकारी व्यवसायको विकास, प्रवर्धन र बजारीकरण लगायतका कार्य गर्न दफा १३ बमोजिम दर्ता भई कार्यरत रहेका कम्तीमा एघारवटा संस्थाहरूले आपसमा मिली आफ्नो विषयको जिल्ला विषयगत सहकारी सङ्घ गठन गर्न सक्नेछन् ।

तर नेपाल सरकारले “क” वर्ग भनी तोकेका दुर्गम क्षेत्रका जिल्लाहरूमा कम्तीमा छवटा संस्थाहरू आपसमा मिली जिल्ला विषयगत सहकारी सङ्घ गठन गर्न सक्नेछन् ।

५. **जिल्ला सहकारी सङ्घको गठनः** सहकारी व्यवसायको विकास, प्रवर्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन दफा १३ बमोजिम दर्ता भएका कम्तीमा पन्ध्रवटा संस्था वा जिल्ला विषयगत सहकारी सङ्घहरू आपसमा मिली जिल्ला सहकारी सङ्घ गठन गर्न सक्नेछन् ।

तर,

(१) नेपाल सरकारले “क” वर्ग भनी तोकेका दुर्गम क्षेत्रका जिल्लाहरूमा कम्तीमा सातवटा संस्थाहरू आपसमा मिली जिल्ला सहकारी सङ्घ गठन गर्न सक्नेछन् ।

(२) यसरी सङ्घ गठन गर्दा दर्ता भएका जिल्ला भरिका पचास प्रतिशतभन्दा बढी विषयगत सहकारी सङ्घहरू समावेश गरिएको हुनु पर्नेछ ।

६. **<u>प्रदेश विषयगत सहकारी सङ्घ गठनः</u>** सहकारी व्यवसायको विकास, प्रवर्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन दफा १३ बमोजिम दर्ता भएका कम्तीमा पाँचवटा जिल्लाका पच्चीसवटा विषयगत सहकारी संस्थाहरू वा जिल्ला विषयगत सहकारी सङ्घहरू मिली आफ्नो विषयको प्रदेश विषयगत सहकारी सङ्घ गठन गर्न सक्नेछन् ।

तर यसरी सङ्घ गठन गर्दा दर्ता भएका प्रदेशभरिका पचास प्रतिशतभन्दा बढी जिल्ला विषयगत सहकारी सङ्घहरू समावेश गरिएको हुनु पर्नेछ ।

७. **<u>प्रदेश सहकारी सङ्घ गठनः</u>** सहकारी व्यवसायको विकास,प्रवर्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन दफा १३ बमोजिम दर्ता भएका कम्तीमा पाँचवटा जिल्लाका एकतीसवटा संस्थाहरू वा जिल्ला विषयगत सहकारी सङ्घहरू वा जिल्ला सहकारी सङ्घहरू वा प्रदेश विषयगत सहकारी सङ्घहरू आपसमा मिली प्रदेश सहकारी सङ्घ गठन गर्न सक्नेछन् ।

तर यसरी सङ्घ गठन गर्दा प्रदेशमा दर्ता भएका जिल्ला विषयगत सहकारी सङ्घहरू, जिल्ला सहकारी सङ्घहरू र प्रदेश विषयगत सहकारी सङ्घहरू प्रत्येकको पचास प्रतिशत भन्दा बढी सङ्घहरू समावेश गरिएको हुनु पर्नेछ ।

८. **<u>विशिष्टीकृत सहकारी सङ्घ गठनः</u>** (१) दफा १३ बमोजिम दर्ता भएका कम्तीमा पच्चीसवटा बहुउद्देश्यीय वा विषयगत संस्थाहरूले आपसमा मिली जलविद्युत आयोजना, रासायनिक मल वा जैविक मल कारखाना, फोहोरमैला व्यवस्थापन, आवासीय परियोजना, यातायात, भारी कृषि उपकरण, फलफूल प्रशोधन, जडीबुटी प्रशोधन, चिनी उद्योग, शीत भण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला, अत्याधुनिक पशुबधशाला, दुग्ध प्रशोधन केन्द्र जस्ता ठूला लगानी चाहिने उत्पादन कार्य गर्न वा सदस्यका साझा आवश्यकताका वस्तु वा सेवाको परिपूर्ति गर्न विशिष्टीकृत सङ्घ गठन गर्न सक्नेछन् । यो पूर्णरूपले व्यवसायिक संस्था हुनेछ र यसलाई कुनै सङ्घ, महासङ्घमा चुन्ने र चुनिने अधिकार रहने छैन ।

(२) उपदफा (१) बमोजिमको विशिष्टीकृत सहकारी सङ्घको सञ्चालन सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

९. **<u>सङ्घ गठन गर्न नसकिनेः</u>** दफा ४, ५, ६ र ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक जिल्लामा एकै प्रकृतिको एकभन्दा बढी जिल्ला विषयगत सहकारी सङ्घ वा जिल्ला सहकारी सङ्घ, प्रदेशमा एकै प्रकृतिको एकभन्दा बढी प्रदेश विषयगत सहकारी सङ्घ वा प्रदेश सहकारी सङ्घ गठन गर्न सकिने छैन ।

१०. **<u>प्रदेश सहकारी बैंक गठन र सञ्चालन सम्बन्धी व्यवस्थाः</u>** (१) गण्डकी प्रदेशमा एक प्रदेश सहकारी बैंक गठन गर्न सकिनेछ ।

(२ ) प्रदेश सहकारी बैंकको गठन, सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. **<u>दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न नहुनेः</u>** कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न हुँदैन ।

१२. **<u>दर्ताको लागि दरखास्त दिनु पर्नेः</u>** (१) यस ऐन बमोजिम गठन भएका देहाय बमोजिमका सहकारी संस्थाले दर्ताका लागि अनुसूची -१ बमोजिमको ढाँचामा दर्ता अधिकारी समक्ष दरखास्त दिनुपर्नेछः-

(क) जिल्ला विषयगत सहकारी सङ्घ,

(ख) जिल्ला सहकारी सङ्घ,

(ग) प्रदेश विषयगत सहकारी सङ्घ,

(घ) प्रदेश सहकारी सङ्घ,

(ङ) प्रदेश सहकारी बैंक,

(च) एक स्थानीय तहभन्दा बढी तर प्रदेश भित्र कार्यक्षेत्र हुने विशिष्टीकृत सहकारी सङ्घ,

(छ) एकभन्दा बढी स्थानीय तह कार्यक्षेत्र भएका सहकारी संस्थाहरू,

(ज) एकभन्दा बढी जिल्ला तर प्रदेशभित्र मात्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरू।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नुपर्नेछः-

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर सङ्ख्या र शेयर रकमको विवरण,

(घ) तोकिए बमोजिमका अन्य विवरण ।

(३) उपदफा (१) बमोजिमको प्रदेश सहकारी बैंक दर्ताका लागि दरखास्तका साथमा उपदफा (२) मा उल्लेखित कागजातहरुका अतिरिक्त नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति पत्र समेत संलग्न गर्नु पर्नेछ ।

१३. **दर्ता गर्नु पर्नेः** (१) दफा १२ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितका कागजातहरू छानबिन गर्दा देहाय बमोजिम भएको पाइएमा दर्ता अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा दर्ता प्रमाणपत्र दिनुपर्नेछः-

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

(ख) प्रस्तावित संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवं सदस्य केन्द्रित भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको ।

(घ) तोकिए बमोजिमका अन्य आधारहरु पूरा भएको ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरा संशोधन गर्नुपर्ने देखिएमा दर्ता अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना दिनुपर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका एकभन्दा बढी स्थानीय तह तर प्रदेश भित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ र यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र त्यस्ता सहकारी संस्थाले यस ऐन बमोजिम दर्ता अधिकारी समक्ष आफ्नो दर्ता प्रमाणपत्र र अन्य विवरण सहित अनुसूची- १को ढाँचामा दर्ता अधिकारी समक्ष निवेदन पेश गरी अद्यावधिक गर्नुपर्नेछ ।

(४) यस दफा बमोजिम सहकारी संस्था दर्ता गर्दा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नुपर्ने गरी अन्य कुनै शर्त तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम शर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ।

(६) सहकारी संस्थाले प्रदेश सहकारी सङ्घ, प्रदेश विषयगत सहकारी सङ्घ तथा प्रदेश सहकारी बैंक वा साना किसान बैंकको सदस्यता लिन सक्नेछ ।

१४. **दर्ता गर्न अस्वीकार गर्न सक्नेः** (१) दफा १२ को उपदफा (२) र दफा १३ को उपदफा (१) बमोजिमका अवस्था नभएमा, सोही दफा बमोजिम विनियम संशोधनको लागि सूचना दिएको

अवधिभित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र विनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुने गरी विनियम संशोधन नगरेमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता अधिकारीले कारण खुलाई तीन दिनभित्र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्नेछ ।

१५. **<u>सहकारी संस्था सङ्गठित संस्था हुने</u>**ः (१) सहकारी संस्था अविच्छिन्न, उत्तराधिकारवाला, एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) सहकारी संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

(३) सहकारी संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, बिक्री वा अन्य व्यवस्था गर्न सक्नेछ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

१६. **<u>सहकारी संस्थाको कार्यक्षेत्र</u>**ः (१) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाहरूको कार्यक्षेत्र यसै ऐन बमोजिम कायम भएको मानिनेछ ।

तर यो ऐन प्रारम्भ भएपछि ती संस्थाहरूले एक वर्षभित्र देहायका विवरण खोली दर्ता अधिकारीसमक्ष यो ऐन प्रारम्भ हुँदाका बखतसम्मको कार्य सञ्चालन प्रतिवेदन पेश गर्नुपर्नेछः-

(क) मौजुदा कार्यक्षेत्रको जिल्ला, स्थानीय तह र वडा अनुसारको सदस्यता विस्तारको अवस्था,

(ख) मौजुदा कार्यक्षेत्रको जिल्ला, स्थानीय तह र वडा अनुसारको व्यवसायिक सेवा सञ्चालनको अवस्था, र

(ग) तोकिए बमोजिमका अन्य विवरण ।

(२) दर्ता हुँदाका बखत एक स्थानीय तहभित्र कार्यक्षेत्र कायम गरी व्यवसाय सञ्चालन गरेका सहकारी संस्थाले यस ऐन र तोकिए बमोजिम कार्यक्षेत्र विस्तार गर्न निवेदन दिन सक्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत आयोजना, शिक्षा, भाषिक, साहित्यिक, सांस्कृतिक, स्वास्थ्य सेवा, सार्वजनिक यातायात, सञ्चार, कृषि वा वनजन्य पैदावारको उत्पादन, सञ्चय वा प्रशोधन गर्ने जस्ता व्यवसायिक क्षेत्र एवं सदस्यहरूको सहभागिता विस्तारका कारण प्रारम्भ मै फराकिलो कार्यक्षेत्र आवश्यक पर्ने संस्थाको कार्य क्षेत्र दर्ता गर्दाका बखत नै प्रचलित कानून बमोजिम तोकिएको आधारमा कायम गर्न सकिने छ ।

(४) उपदफा (१) बमोजिम कार्य सञ्चालन प्रतिवेदन पेश भएपछि दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी सम्बन्धित सहकारी संस्थालाई देहाय बमोजिम कार्यक्षेत्र पुनःनिर्धारण गर्न निर्देशन दिन सक्नेछः–

(क) उपदफा (१) को खण्ड (क) बमोजिमको विवरणमा उल्लिखित सदस्यता विस्तार नभएको वा तोकिएको सङ्ख्या भन्दा कम सदस्यता विस्तार भएको वा भौगोलिक निरन्तरता नभएको, जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने,

**<u>स्पष्टीकरण</u>**ः यस खण्डको प्रयोजनको लागि "भौगोलिक निरन्तरता" भन्नाले एक प्रशासकीय इकाइसँग अर्को प्रशासकीय इकाइको सीमा जोडिएको अवस्थिति सम्झनु पर्छ।

(ख) उपदफा (१) को खण्ड (ख) बमोजिमको विवरणमा कुनै व्यवसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यवसायिक सेवा सञ्चालन भएको देखिएको जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने,

(ग) संस्थाको सञ्चालन खर्च धान्ने गरी व्यवसायिक कार्यकुशलता बढाउन र संस्था सञ्चालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम राख्न अतिरिक्त जिल्ला, स्थानीय तह वा वडा झिकी उपयुक्त कार्यक्षेत्र कायम राख्ने,

(घ) व्यवसायिक एवं प्रवर्धनात्मक सेवाका लागि जिल्ला विषयगत सहकारी सङ्घ वा जिल्ला सहकारी सङ्घको सदस्यताको प्राप्तिलाई सहज तुल्याउन अतिरिक्त जिल्ला, स्थानीय तह वा वडा झिकी उपयुक्त कार्यक्षेत्र कायम राख्ने ।

(५) उपदफा (४) बमोजिम दर्ता अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम सम्बन्धित सहकारी संस्थाले तोकिएको अवधिभित्र आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण नगरेमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाको कार्यक्षेत्र तीन महिनाभित्र पुनःनिर्धारण गर्नेछ ।

(७) उपदफा (६) बमोजिम दर्ता अधिकारीले कार्यक्षेत्र पुनःनिर्धारण गरिदिएकोमा चित्त नबुझ्ने सहकारी संस्थाले कार्यक्षेत्र पुनःनिर्धारणको जानकारी पाएको मितिले पैंतीस दिनभित्र मन्त्रालय समक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त निवेदनमा मन्त्रालयले साठी दिनभित्र पुनरावलोकन गरी सक्नुपर्नेछ । मन्त्रालयले पुनरावलोकन गरी गरेको निर्णय अन्तिम हुनेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनःनिर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ।

(१०) सङ्घ र प्रदेश सहकारी बैंकको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ :

(क) जिल्ला विषयगत सहकारी सङ्घ र जिल्ला सहकारी सङ्घको हकमा एक जिल्ला,

(ख) प्रदेश विषयगत सहकारी सङ्घ र प्रदेश सहकारी सङ्घको हकमा गण्डकी प्रदेश,

(ग) प्रदेश सहकारी बैंकको हकमा गण्डकी प्रदेश ।

(११) कार्यक्षेत्र विस्तार तथा कार्यक्षेत्र पुनःनिर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. **<u>जानकारी दिनु पर्ने</u>**: एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र राखी दर्ता भएका वा दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुले स्थानीय तहमा सेवा सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहलाई सञ्चालित सेवाको विवरण जानकारी दिनुपर्ने छ ।

१८. **<u>विषयगत आधारमा वर्गीकरण</u>**: (१) सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछः-

(क) **उत्पादक सहकारी संस्था**: कृषि (अन्नबाली, तेलहनबाली, मसलाबाली, दुग्ध र दुग्ध पदार्थजन्य, चिया, कफी, उखु, फलफूल, तरकारी, पशु/पन्छीपालन, माछा, दुध, मौरीपालन आदि) जडिवुटी उद्योग, खानी, ऊर्जा, वन पैदावार आदि सम्बन्धी कार्य गर्ने संस्था ।

(ख) **सेवा सहकारी संस्थाः** यातायात, सञ्चार, पर्यटन, पूर्वाधार, प्रकाशन, विद्यालय, विश्वविद्यालय, प्राविधिक शिक्षालय, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, तालिम तथा प्रशिक्षण, परामर्श सेवा, स्वास्थ्य सेवा, एम्बुलेन्स सेवा, आवास, होटल, रेष्टुराँ, ट्राभल, साहसिक खेल, मनोरञ्जन, पार्क तथा उद्यान, सभास्थल, व्यायमशाला, सिँचाइ, विद्युत वितरण, खानेपानी, फोहोरमैला व्यवस्थापन लगायतका कार्य गर्ने संस्था ।

(ग) **वित्तीय सहकारी संस्थाः** सहकारी बैंक, बचत तथा ऋणको कारोबार, विप्रेषण सेवा तथा बीमा कारोबार गर्ने संस्था ।

(घ) **उपभोक्ता सहकारी संस्थाः** थोक तथा खुद्रा, बजार, भण्डारण, ढुवानी, खरिद, बिक्री, कवाडी सामग्री सङ्कलन तथा बिक्री लगायतका कार्य गर्ने संस्था ।

(ङ) **बहुउद्देश्यीय सहकारी संस्थाः** दुई वा दुई भन्दा बढी विषयको कारोबार गर्ने सहकारी संस्था।

(२) उपदफा (१) मा उल्लिखित सहकारी संस्थाहरूको अतिरिक्त अन्य संस्थाहरू गठन गर्न बाधा पर्नेछैन ।

१९. <u>**कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेः**</u> (१) दफा १३ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरेपछि सहकारी संस्थाले दफा २२ बमोजिमको उद्देश्य प्राप्तिका लागि यस ऐन र विनियमको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले उपदफा (१) बमोजिम कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन।

तर त्यस्तो कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनुपर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम सहकारी संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी दर्ता अधिकारीलाई दिनु पर्नेछ ।

(४) दुई वा दुईभन्दा बढी सहकारी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् ।

(५) उपदफा (४) बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले उपदफा (१) बमोजिम सञ्चालन गर्ने कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको उत्पादन सहकारी ब्राण्डमा बिक्री बितरण गर्न सक्नेछन् ।

तर प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट त्यस्तो ब्राण्ड प्राप्तिको स्वीकृति लिनु पर्ने रहेछ भने सो बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(७) सहकारी संस्थाले उत्पादन गरेको वस्तुहरूको उत्पत्तिको प्रमाण पत्र जारी गर्ने प्रक्रिया र आधार सङ्घीय कानून बमोजिम हुनेछ ।

२०. **<u>दायित्व सीमित हुने</u>:** (१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

(२) सहकारी संस्थाको नाममा “सहकारी” र नामको अन्त्यमा “लिमिटेड” भन्ने शब्द राख्नु पर्नेछ।

२१. **<u>सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नु पर्ने</u>:** सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नु पर्नेछ ।

## परिच्छेद–३

## <u>संस्था वा सङ्घको उद्देश्य तथा कार्य</u>

२२. **<u>संस्था वा सङ्घको उद्देश्य</u>:** कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई लोकतान्त्रिक नियन्त्रणका आधारमा आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्नु संस्था वा सङ्घको मुख्य उद्देश्य हुनेछ ।

२३. **<u>संस्था वा सङ्घको कार्य</u>:** संस्था वा सङ्घका कार्यहरू देहाय बमोजिम हुनेछन्:-

(क) सहकारीका मूल्य,मान्यता र सिद्धान्तहरूको पालना गर्ने, गराउने,

(ख) सदस्य र आफ्नो व्यवसायको हित प्रवर्धन तथा सोको बजारीकरण गर्ने,गराउने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालिम प्रदान गर्ने ,गराउने,

(घ) सहकारी संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने,गराउने,

(च) संस्था वा सङ्घको व्यवसायिक प्रवर्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,गराउने,

(छ) मन्त्रालय तथा दर्ता अधिकारीको निर्देशन पालना गर्ने, गराउने,

(ज) सदस्य, संस्था वा सङ्घमा सुशासन प्रवर्धन गर्ने, गराउने,

(झ) संस्था वा सङ्घ बीचको पारस्परिक सहयोग अभिवृद्धि गर्ने, गराउने,

(ञ) सहकारी संस्था वा सङ्घको लगानीलाई कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनशील क्षेत्रमा परिचालन गर्ने, गराउने,

(ट) एक सहकारी एक उत्पादन कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ठ) विनियममा उल्लिखित कार्यहरू गर्ने ।

## परिच्छेद–४

## <u>विनियम तथा आन्तरिक कार्यविधि</u>

२४. **<u>विनियम बनाउनु पर्ने</u>:** (१) सहकारी संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम दर्ता अधिकारीबाट स्वीकृत भए पछि लागु हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सहकारी बैंकको विनियम स्वीकृत गर्नु अघि दर्ता अधिकारीले नेपाल राष्ट्र बैंकको परामर्श लिनुपर्नेछ ।

२५. **आन्तरिक कार्यविधि बनाउन सक्ने**: (१) सहकारी संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधि र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागु हुनेछ ।

२६. **विनियम र आन्तरिक कार्यविधिमा संशोधन**: (१) सहकारी संस्थाको साधारण सभाको कूल सदस्य सङ्ख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम दर्ता अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ।

## परिच्छेद–५

## सदस्यता

२७. **संस्थाको सदस्यता**: (१) सोह्र वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरू संस्थाको सदस्य हुन सक्नेछन्:-

(क) संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरिरहेको,

(ख) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,

(ग) संस्थाको विनियममा उल्लिखित शर्तहरू पालना गर्न मञ्जुर गरेको,

(घ) संस्थाको जिम्मेवारी पालना गर्न मञ्जुर भएको,

(ङ) संस्थाले गरेको कारोबारसँग प्रतिस्पर्धा हुने गरी कारोबार नगरेको ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारका निकायहरू, स्थानीय तह, संस्थाको कार्यक्षेत्रभित्रका सहकारी विद्यालय, सामुदायिक विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरू संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सहकारी संस्थाले अर्को कुनै सहकारी संस्थाको सदस्यता लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. **सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्ने**: (१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पैंतीस दिनभित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सोको कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था उपर दर्ता अधिकारी समक्ष उजूर गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजूरी छानबिन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नुपर्ने देखिएमा दर्ता अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम कुनै आदेश प्राप्त भएमा सो आदेश प्राप्त गरेको सात दिनभित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता अधिकारीलाई दिनु पर्नेछ।

२९. **सदस्य हुन नपाउने**: (१) कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै संस्थामा दफा २७ को उपदफा (२) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए पाँच वर्षभित्र सदस्यता अन्त्य गर्नु पर्नेछ ।

तर यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएको स्वास्थ्य र शिक्षा सहकारी संस्थाको हकमा सङ्घीय कानून बमोजिम हुनेछ ।

३०. **<u>सदस्य हुन सक्ने</u>**ः (१) दफा ४ बमोजिमको जिल्ला विषयगत सहकारी सङ्घमा जिल्ला भित्रका विषयगत संस्थाहरू सदस्य हुन सक्नेछन ।

(२) दफा ५ बमोजिमको जिल्ला सहकारी सङ्घमा जिल्ला भित्रका संस्था र जिल्ला विषयगत सहकारी सङ्घहरू सदस्य हुन सक्नेछन ।

(३) दफा ६ बमोजिमको प्रदेश विषयगत सहकारी सङ्घमा प्रदेश भित्रका विषयगत संस्था र जिल्ला विषयगत सहकारी सङ्घहरू सदस्य हुन सक्नेछन् ।

(४) दफा ७ बमोजिमको प्रदेश सहकारी सङ्घमा प्रदेशभित्रका संस्था, जिल्ला विषयगत सहकारी सङ्घ, जिल्ला सहकारी सङ्घ र प्रदेश विषयगत सहकारी सङ्घ सदस्य हुन सक्नेछन्।

(५) यस दफा बमोजिम सदस्यता लिने सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

३१. **<u>सदस्यताको समाप्ति</u>**ः (१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछः-

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) वार्षिक साधारण सभामा विना सूचना लगातार तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(घ) संस्थाको सदस्यको हकमा दफा २७ बमोजिमको योग्यता नभएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नुपर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नुपर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन ।

३२. **<u>सुविधा प्राप्त गर्न नसक्ने</u>**ः कुनै सदस्यले सहकारी संस्थालाई तिर्नुपर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यो ऐन वा यस अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लङ्घन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुविधा प्राप्त गर्न सक्ने छैन ।

## परिच्छेद –६

## <u>साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति</u>

३३. **<u>साधारण सभा</u>**ः (१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रूपमा साधारण सभा रहनेछ ।

(२) सहकारी संस्थाका सबै सदस्यहरू साधारण सभाका सदस्य हुनेछन् ।

(३) सहकारी संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः–

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा,

(ग) विशेष साधारण सभा ।

३४. **सहकारी संस्थाको प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकारः** सहकारी संस्थाको प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालु आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

३५. **सहकारी संस्थाको वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकारः** सहकारी संस्थाको वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

३६. **साधारण सभाको बैठकः** (१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछ :–

(क) संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनु पर्ने भएमा,

(ख) दफा ४६ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरिवेक्षण समितिले सिफारिस गरेमा,

(ग) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,

(घ) समितिले कुनै खास कामको लागि विशेष साधारण सभा बोलाउने निर्णय गरेमा,

(ङ) विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाई पन्ध्र प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(च) दफा ३७ को उपदफा (१) बमोजिम दर्ता अधिकारीले निर्देशन दिएमा,

(छ) दफा ३९ को उपदफा (२) बमोजिम दर्ता अधिकारीले आदेश दिएमा ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता अधिकारीलाई जानकारी दिई साधारण सदस्यहरू मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ ।

(५) सहकारी संस्थाको साधारण सभाको लागि गणपुरक सङ्ख्या तत्काल कायम रहेको सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत हुनेछ ।

तर पहिलो पटक बोलाइएको साधारण सभामा गणपुरक सङ्ख्या नपुगेमा त्यसको सात दिनभित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा सञ्चालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरूको उपस्थिति भएमा साधारण सभाको गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य सङ्ख्याको आधारमा स्थानीय तह वा वडामा सञ्चालक सदस्यहरूलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न सोही सभाबाट प्रतिनिधिहरू छनौट गरी त्यस्ता प्रतिनिधिहरूको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

तर सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन वा गठन दफा ३९ र दफा ४५ बमोजिम हुनेछ ।

३७. <u>**विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्नेः**</u> (१) कुनै सहकारी संस्थाको निरीक्षण वा सुपरिवेक्षण गर्दा वा कसैको उजूरी परी छानबिन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछ :-

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरीत कार्य गरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीतको कार्य गरेमा,

(ग) दर्ता अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(घ) प्रदेश सहकारी बैंकको हकमा नेपाल राष्ट्र बैंकको निरीक्षण तथा सुपरिवेक्षणका क्रममा गम्भीर कैफियत देखिएमा,

(ङ) दफा ३९ को उपदफा (२) बमोजिम दर्ता अधिकारीले आदेश दिएमा।

(२) उपदफा (१) बमोजिम साधारण सभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारण सभाको बैठक बोलाउनु पर्नेछ र साधारण सभाको बैठकमा उजूरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारण सभा नबोलाएमा दर्ता अधिकारीले त्यस्तो साधारण सभा बोलाउन सक्नेछ ।

(४) सहकारी संस्थाको विशेष साधारण सभाको लागि गण पूरक सङ्ख्या दफा ३६ को उपदफा (४) र (५) बमोजिम हुनेछ ।

३८. **<u>सञ्चालक समितिः</u>** (१) सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ ।

(२) कुनै व्यक्ति एकै समयमा एकमात्र सहकारी संस्थाको सञ्चालक हुन सक्नेछ।

(३) सञ्चालक समितिमा एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन पाउने छैन ।

(४) उपदफा (१) बमोजिमको समितिमा कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ ।

(५) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्नेछैन ।

(६) कुनै सहकारी संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी सङ्घ वा बैंक बाहेक अर्को कुनै संस्थाको सञ्चालक बन्न पाउने छैन ।

तर वार्षिक दुई करोड रुपैयाँभन्दा कमको कारोबार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रूपमा काम गर्न बाधा पर्ने छैन। वार्षिक दुई करोडभन्दा बढी कारोबार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र त्यस्तो सञ्चालकले कर्मचारीको पद त्याग गर्नुपर्नेछ। यसरी पदत्याग गरेमा संस्थाले तत्काल अर्को कर्मचारीको व्यवस्था गर्नुपर्नेछ।

(७) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी सहकारी संस्थाको सञ्चालक वा सोही वा अर्को सहकारी संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक सहकारी संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ ।

(८) समितिको कार्यावधि चार वर्षको हुनेछ ।

(९) बहालवाला सरकारी कर्मचारी, शिक्षक, बैंक, फाइनान्स, वित्तीय संस्थाका सञ्चालक र कर्मचारीले सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित वा मनोनित हुन पाउने छैन । यो ऐन प्रारम्भ हुँदाका बखत त्यस्तो निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित वा मनोनित भएको भएमा यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र सञ्चालक समितिको पदबाट राजीनामा दिनुपर्नेछ ।

तर पेशागत आधारमा गठन हुने सहकारी संस्थामा सञ्चालक हुन बाधा पर्ने छैन ।

(१०) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. **<u>समितिको निर्वाचनः</u>** (१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु अघि अर्को समितिको निर्वाचन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन दर्ता अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराई दर्ता अधिकारीलाई जानकारी गराउनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्था सदस्य रहेको माथिल्लो सङ्घ भए सो सङ्घको प्रतिनिधि समेतलाई सहभागी गराई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने, गराउनेछ ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नु पर्नेछ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

४०. **समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्था सञ्चालन गर्ने,
(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,
(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,
(घ) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,
(ङ) सहकारी संस्थाको नीति, योजना, बजेट तथा बार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभामा पेश गर्ने,
(च) सहकारी संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,
(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,
(ज) सम्बन्धित सङ्घको सदस्यता लिने,
(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने,
(ञ) सहकारी संस्थाको कार्यक्षेत्रभित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्धनको लागि आवश्यक कार्य गर्ने, गराउने,
(ट) संस्थाको लगानीलाई कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनशील क्षेत्रमा परिचालन गर्ने, गराउने
(ठ) एक सहकारी एक उत्पादन कार्यक्रम सञ्चालन गर्ने, गराउने,
(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

४१. **पदमा बहाल नरहनेः** देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैनः-

(क) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,
(ख) निजलाई दफा ४२ को उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,
(ग) निज अर्को सहकारी संस्थाको सञ्चालक भएमा,
(घ) निज सोही वा अर्को सहकारी संस्थाको कर्मचारी भएमा,
तर दफा ३८ को उपदफा (६) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोही बमोजिम हुनेछ ।
(ङ) निज सोही वा अर्को सहकारी संस्थाको लेखा सुपरिवेक्षण समितिको पदमा रहेमा,
(च) निजको मृत्यु भएमा।

४२. **पदबाट हटाउन सक्नेः** (१) साधारण सभाले बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछः-

(क) आर्थिक हिनामिना गरी सम्बन्धित सहकारी संस्थालाई हानि नोक्सानी पुऱ्याएमा,

(ख) अनधिकृत तवरले सम्बन्धित सहकारी संस्थाको कारोबार सम्बन्धी विषयको गोपनीयता भङ्ग गरेमा,

(ग) सम्बन्धित सहकारी संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित सहकारी संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रूपमा काम गर्न नसक्ने भएमा,

(च) कुनै सञ्चालकमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा ।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकाल सम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

४३. **निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुनेः** (१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनु हुँदैन ।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुनेगरी सहकारी संस्थामा कुनै कार्य गर्न, गराउन हुँदैन ।

(३) कुनै सञ्चालकले उपदफा (१) को विपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे वा गराएमा त्यस्तो काम कारबाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट सहकारी संस्था, संस्थाको सदस्य वा अन्य कुनै व्यक्तिलाई हानि नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानि नोक्सानी निजबाट असुल उपर गरिनेछ ।

४४. **समितिको विघटनः** (१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः-

(क) समितिको बदनियतपूर्ण कार्यबाट सहकारी संस्थाको कारोबार जोखिममा परेमा,

(ख) सहकारी संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लेखित उद्देश्य र कार्य विपरीतको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लेखित शर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचन गर्नेछ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दर्ता अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा ३७ को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा दर्ता अधिकारीले समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

विषयवस्तुको गाम्भीर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधिभित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिनाभित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म सहकारी संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नुपर्नेछ ।

(५) प्रदेश सहकारी बैंकको समिति विघटन गर्नु पूर्व दर्ता अधिकारीले नेपाल राष्ट्र बैंकको परामर्श लिनुपर्नेछ र नेपाल राष्ट्र बैंकको परामर्श बमोजिम तदर्थ समिति गठन गर्नुपर्नेछ ।

(६) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ ।

४५. **<u>लेखा सुपरिवेक्षण समिति गठन</u>**: (१) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै सहकारी संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन।

४६. **<u>लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार</u>**: (१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) समितिको काम कारबाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै सहकारी संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक सङ्कटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारणसभा बोलाउन समिति समक्ष सिफारिस गर्ने,

(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य सहकारी संस्थाको आर्थिक तथा दैनिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

परिच्छेद–७

**बचत तथा ऋण परिचालन**

४७. **सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नु पर्नेः** (१) सहकारी संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न पाउने छैन।

तर यो ऐन प्रारम्भ हुनु अघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रूपमा दर्ता भई मुख्य कारोबारको रूपमा बचत तथा ऋणको कारोबार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्षभित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्ने गरी संस्थाहरूले मुख्य कारोबार गर्नुपर्नेछ ।

(३) सहकारी संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा दर्ता अधिकारीले अन्यथा तोकेकोमा बाहेक सेवा शुल्क र नवीकरण शुल्क सम्बन्धित संस्थाको कार्यविधिले तोके बमोजिम हुनेछ ।

(४) नियमित बचतको ब्याज र ऋणको ब्याजदरको अन्तर पाँच प्रतिशतभन्दा बढी हुने छैन ।

(५) सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन ।

(६) सहकारी संस्थाले बचत रकम सदस्य बीच ऋण लगानी, नेपाल सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल खरिद गर्न बाहेक अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, फर्म वा कम्पनी वा कुनै बैंक (सहकारी बैंक बाहेक) को शेयर खरिद वा अन्य कुनै प्रयोजनमा उपयोग गर्नु हुँदैन ।

(७) सहकारी संस्थाले प्राथमिक पूँजी कोषको पन्ध्र गुणासम्म बचत सङ्कलन गर्न सक्नेछ ।

(८) संस्था वा सङ्घले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतीत नभई ऋण लगानी गर्न सक्ने छैन ।

(९) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले आफ्नो ऋण लगानीको तीस प्रतिशत रकम कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनशील क्षेत्रमा लगानी गर्नु पर्नेछ ।

४८. **सन्दर्भ ब्याजदर सम्बन्धी व्यवस्थाः** (१) दर्ता अधिकारीले सहकारी संस्थाको प्रयोजनका लागि बचत ऋणको सन्दर्भ ब्याजदर (रेफरेन्स इन्ट्रेष्ट रेट) सङ्घीय कानून बमोजिम र दफा ३८ को उपदफा (६) को कारोबारको अधिकतम सीमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सन्दर्भ ब्याजदर तोक्ने सम्बन्धमा देहाय बमोजिमको समितिको सिफारिस लिनुपर्नेछः-

| | | |
|---|---|---|
| (क) | दर्ता अधिकारी | - संयोजक |
| (ख) | प्रतिनिधि, मन्त्रालय | - सदस्य |
| (ग) | प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| (घ) | प्रतिनिधि, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य |
| (ङ) | प्रतिनिधि, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| (च) | प्रतिनिधि, नेपाल राष्ट्र बैंक | - सदस्य |
| (छ) | प्रतिनिधि, प्रदेश सहकारी सङ्घ | - सदस्य |
| (ज) | प्रतिनिधि, प्रदेश सहकारी बैंक | - सदस्य |

(झ) प्रतिनिधि, प्रदेश विषयगत सहकारी सङ्घबाट दुई जना - सदस्य

(ञ) सहायक दर्ता अधिकारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ ब्याजदर सहकारी संस्थाको लागि निर्देशक ब्याजदर हुनेछ ।

(३) सन्दर्भ ब्याजदर निर्धारणका आधार र प्रकृया तोकिए बमोजिम हुनेछ।

४९. **व्यक्तिगत बचतको सीमाः** संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्बन्धित संस्थाको विनियममा तोकिए बमोजिम हुनेछ ।

परिच्छेद –८

## आर्थिक स्रोत परिचालन

५०. **शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यवस्थाः** (१) सहकारी संस्थाले आफ्नो सदस्यलाई शेयर बिक्री गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले एकै सदस्यलाई आफ्नो कूल शेयर पूँजीको दश प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन ।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागु हुने छैन।

(३) सहकारी संस्थाको शेयरको अङ्कित मूल्य प्रति शेयर एक सय रुपैयाँ हुनेछ ।

(४) सहकारी संस्थाको शेयर पूँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

(५) सहकारी संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन ।

(६) सहकारी संस्थाको मूलधनको रूपमा रहेको कुनै सदस्यको शेयर सोही सहकारी संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम बिक्री गरिने छैन ।

५१. **रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) कुनै सदस्यले सहकारी संस्थाको सदस्यता त्यागी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले तीन महिनाभित्र निजको बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नुपर्नेछ ।

(२) कुनै सदस्यले सहकारी संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नुपर्नेछ।

(३) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले बचत खाताहरू सञ्चालन गर्न सक्नेछ।

५२. **ऋण वा अनुदान लिन सक्नेः** (१) सहकारी संस्थाले बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी बैंक वा निकायबाट ऋण वा अनुदान लिनु अघि प्रदेश सरकारको सिफारिसमा सङ्घीय कानून बमोजिम नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

५३. **नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्नेः** (१) सहकारी संस्थाले विदेशी बैंक वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नुपर्ने भएमा त्यसको लागि प्रदेश सरकार मार्फत सङ्घीय कानून बमोजिम नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षण प्रदान गर्दा नेपाल सरकारले आवश्यक शर्त तोक्न सक्नेछ।

परिच्छेद –९

## सहकारी संस्थाको कोष

५४. **सहकारी संस्थाको कोषः** (१) सहकारी संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रूपमा प्राप्त रकम,

(ग) ऋणको रूपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(च) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(छ) व्यवसायबाट आर्जित रकम,

(ज) सदस्यता प्रवेश शुल्क,

(झ) सहकारी संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम ।

(२) उपदफा (१) को खण्ड (च) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

५५. **जगेडा कोषः** (१) सहकारी संस्थामा एक जगेडा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहने छः–

(क) आर्थिक वर्षको खुद बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, सङ्घ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) अचल सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको कोषको रकम अविभाज्य हुनेछ ।

५६. **संरक्षित पूँजी फिर्ता कोषः** (१) सहकारी संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ ।

(२) दफा ५५ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रूपमा जम्मा गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको रकम वार्षिक कारोबारको आधारमा सम्बन्धित सदस्यलाई तोकिए बमोजिम उपलब्ध गराउनु पर्नेछ ।

५७. **सहकारी प्रवर्धन कोषः** (१) सहकारी संस्थामा एक सहकारी प्रवर्धन कोष रहनेछ ।

(२) सहकारी संस्थाले सहकारी व्यवसायको प्रवर्धन गर्नको लागि दफा ५५ बमोजिमको जगेडा कोषमा सोही दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम सङ्घीय कानूनमा व्यवस्था भए बमोजिमको सहकारी प्रवर्धन कोषमा वार्षिक रूपमा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कोष परिचालन सङ्घीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

५८. **अन्य कोष सम्बन्धी व्यवस्थाः** (१) यस परिच्छेदमा अन्यत्र उल्लिखित कोषका अतिरिक्त सहकारी संस्थामा शेयर लाभांश कोष, सहकारी शिक्षा कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरू रहन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ ।

(३) प्रदेश सहकारी बैंकको कूल सम्पत्ति र अन्य कारोबारको दायित्वको आधारमा नेपाल राष्ट्र बैंकले तोके बमोजिमका अन्य कोषहरु समेत रहनेछन् ।

तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी हुने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

## परिच्छेद –१०
## अभिलेख र सूचना

५९. **अभिलेख राख्नु पर्नेः** (१) सहकारी संस्थाले साधारणसभा, समिति तथा लेखा सुपरिवेक्षण समितिका बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित राख्नुपर्नेछ ।

(२) सहकारी संस्थाले आफूले गरेको सम्पूर्ण कारोबारहरूको लेखाको अभिलेख तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित राख्नु पर्नेछ ।

६०. **विवरण उपलब्ध गराउनु पर्नेः** (१) सहकारी संस्थाले प्रत्येक वर्ष देहायका विवरणहरू सहितको प्रतिवेदन तोकिएको समयभित्र दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछः–

(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,

(ख) वार्षिक कार्यक्रम, नीति तथा योजना,

(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

(ङ) साधारण सभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयर पूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण, तिर्न बाँकी रहेको रकम,

(ज) दर्ता अधिकारीले समय समयमा तोकिदिएका अन्य विवरण ।

(२) दर्ता अधिकारीले उपदफा (१) बमोजिम प्राप्त विवरण सहितको वार्षिक प्रतिवेदन मन्त्रालयमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

(३) प्रदेश सहकारी बैंकले उपदफा (१) बमोजिमको प्रतिवेदन तोकिएको अवधिभित्र नेपाल राष्ट्र बैंकमा समेत पेश गर्नुपर्नेछ ।

## परिच्छेद –११
## लेखा र लेखापरीक्षण

६१. **कारोबारको लेखाः** सहकारी संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्ट रूपमा देखिने गरी सङ्घीय कानून बमोजिम अधिकार प्राप्त निकायले लागु गरेको लेखामान (एकाउन्टिङ स्ट्याण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नुपर्नेछ ।

६२. **लेखापरीक्षणः** (१) सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सङ्घीय कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै सहकारी संस्थाले लेखापरीक्षण नगराएको पाइएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाको लेखापरीक्षण इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनु पर्ने पारिश्रमिक तथा सुविधा सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारणसभामा पेश गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारण सभाले दफा ६३ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(६) प्रदेश सहकारी बैंकले आफ्नो लेखापरीक्षण प्रतिवेदन नेपाल राष्ट्र बैंकमा समेत पेश गर्नुपर्नेछ ।

६३. **लेखापरीक्षकको नियुक्तिः** (१) सहकारी संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न सङ्घीय कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरू मध्येबाट साधारण सभाले एकजना लेखापरीक्षक नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त लेखापरीक्षकको पारिश्रमिक तथा सुविधा साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार दुई आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्ति गर्न सकिने छैन ।

६४. **लेखापरीक्षकमा नियुक्त हुन नसक्नेः** (१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैनः-

(क) सहकारी संस्थाको सञ्चालक,
(ख) सम्बन्धित सहकारी संस्थाको सदस्य,
(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,
(घ) लेखापरीक्षण सम्बन्धी कसुरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,
(ङ) दामासाहीमा परेको,
(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसुरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,
(छ) दफा ६३ को उपदफा (३) बमोजिमको व्यक्ति, फर्म वा कम्पनी,
(ज) सम्बन्धित सहकारी संस्था वा सङ्घसँग स्वार्थ बाझिएको व्यक्ति ।

(२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुरा सहकारी संस्थालाई लिखित रूपमा जानकारी गराउनु पर्नेछ ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै सहकारी संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा सहकारी संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नुपर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रूपमा सहकारी संस्थालाई दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कुनै परिस्थिति उत्पन्न भएमा सम्बन्धित सहकारी संस्थाको सञ्चालक समितिबाट नयाँ लेखापरीक्षकको नियुक्ति गरी लेखापरीक्षण गराई साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

तर साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारण सभाले दफा ६३ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ ।

(५) यस दफाको व्यवस्था विपरीत हुने गरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।

## परिच्छेद–१२

## ऋण असुली तथा बाँकी बक्यौता

६५. **ऋण असुल गर्नेः** (१) कुनै सदस्यले सहकारी संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको सावाँ, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले

ऋण लिंदा राखेको धितोलाई सम्बन्धित सहकारी संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असुल उपर गर्न सक्नेछ।

(२) कुनै सदस्यले सहकारी संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असुल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जना असुल उपर गर्न सकिनेछ ।

(४) यस दफा बमोजिम साँवा, ब्याज र हर्जाना असुल उपर गर्दा लागेको खर्चको रकम तथा असुल उपर भएको साँवा, ब्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनुपर्नेछ ।

(५) यस दफा बमोजिम कुनै सहकारी संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित सहकारी संस्थालाई दिनुपर्नेछ ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्था आफैंले सकार गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनुपर्नेछ ।

(८) ऋण असूली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६६. **बाँकी बक्यौता असुल उपर गर्नेः** कसैले सहकारी संस्थालाई तिर्नु, बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज समेत सहकारी संस्थाले त्यस्तो व्यक्तिको जायजेथाबाट तोकिए बमोजिम असुल उपर गर्न सक्नेछ ।

६७. **रोक्का राख्न लेखी पठाउनेः** (१) सहकारी संस्थाले दफा ६५ र ६६ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राखी दिनुपर्नेछ ।

६८. **अग्राधिकार रहनेः** कुनै व्यक्तिले सहकारी संस्थालाई तिर्नुपर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै हक दाबी भए त्यसको लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा सहकारी संस्थाको अग्राधिकार रहनेछ ।

६९. **कारबाही गर्न बाधा नपर्नेः** कुनै सहकारी संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारबाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसुरमा कारबाही चलाउन रोक लगाएको मानिने छैन।

परिच्छेद–१३

## एकीकरण, विघटन तथा दर्ता खारेज

७०. **एकीकरण तथा विभाजन सम्बन्धी व्यवस्था**: (१) यस ऐनको अधीनमा रही दुई वा दुईभन्दा बढी सहकारी संस्थाहरू एक आपसमा गाभिई एकीकरण गर्न वा एक सहकारी संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी सहकारी संस्थामा विभाजन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित सहकारी संस्थाको कूल कायम रहेका सदस्य सङ्ख्याको बहुमतबाट निर्णय हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ।

(४) एकीकरण गर्ने सहकारी संस्थालाई तोकिए बमोजिम प्रोत्साहन गर्न सकिनेछ ।

(५) एकीकरण वा विभाजन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७१. **विघटन र दर्ता खारेज**: (१) कुनै सहकारी संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका बहुमत सदस्यको निर्णयबाट त्यस्तो सहकारी संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता अधिकारी समक्ष निवेदन दिन सक्नेछ :-

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन छानबिन गर्दा त्यस्तो सहकारी संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाको दर्ता खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता अधिकारीले देहायको अवस्थामा सहकारी संस्थाको दर्ता खारेज गर्न सक्नेछ :-

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै सहकारी संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा ।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थालाई सुनुवाईको लागि पन्ध्र दिनको समयावधि दिनु पर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम सहकारी संस्थाको दर्ता खारेज भएमा त्यस्तो सहकारी संस्था विघटन भएको मानिनेछ ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता अधिकारीले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले तोकेको सीमाभन्दा बढी रकम अनुदान प्राप्त गरेको संस्था वा सङ्घको दर्ता खारेज गर्नु अघि सम्बन्धित मन्त्रालय वा विभागको स्वीकृति लिनुपर्नेछ ।

(७) उपदफा (२) वा (३) बमोजिम कुनै सहकारी संस्था वा सङ्घको दर्ता खारेजी भएमा त्यस्तो संस्था वा सङ्घको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

(८) प्रदेश सहकारी बैंकले तिर्नुपर्ने ऋण तथा बाह्य दायित्व भुक्तान गर्न नसकिने देखिएमा त्यस्तो बैंकलाई खारेज गर्नका लागि दर्ता अधिकारीले नेपाल राष्ट्र बैंकसँग परामर्श गर्नुपर्नेछ।

(९) उपदफा (८) बमोजिमको राष्ट्र बैंकको परामर्श अनुरुप दर्ता अधिकारीले प्रदेश सहकारी बैंक खारेज गरी लिक्वीडेटर नियुक्त गर्न सक्नेछ ।

७२. **लिक्वीडेटरको नियुक्तिः** (१) दफा ७१ बमोजिम कुनै सहकारी संस्थाको दर्ता खारेज भएमा दर्ता अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय कानूनमा तोकिएको सीमा सम्मको सम्पत्ति भएको सहकारी संस्थाको हकमा दर्ता अधिकारीले कुनै अधिकृतस्तरको कर्मचारीलाई लिक्वीडेटर नियुक्त गर्न सक्नेछ ।

(३) लिक्वीडेसन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७३. **लिक्वीडेसन पछिको सम्पत्तिको उपयोगः** कुनै सहकारी संस्थाको लिक्वीडेसन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग सङ्घीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद –१४

## दर्ता अधिकारी

७४. **दर्ता अधिकारीः** (१) यस ऐन अन्तर्गत सहकारी संस्थाको दर्ता, नियमन लगायतका अन्य सम्पूर्ण कार्य सम्पादन गर्ने गरी मन्त्रालयले राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको अधिकृत कर्मचारीलाई दर्ता अधिकारीको रूपमा तोक्नु पर्नेछ ।

(२) दर्ता अधिकारीलाई कार्यसम्पादनमा सहयोग गर्न चाहिने सहायक दर्ता अधिकारी लगायतका आवश्यक कर्मचारी मन्त्रालयले उपलब्ध गराउनु पर्नेछ ।

७५. **दर्ता अधिकारीको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता अधिकारीलाई प्राप्त अधिकार मध्ये केही अधिकार आफू मातहतको अधिकृत स्तरको सहायक दर्ता अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद –१५

## निरीक्षण तथा अनुगमन

७६. **निरीक्षण तथा हिसाब किताब जाँच गर्नेः** (१) दर्ता अधिकारीले सहकारी संस्थाको जुनसुकै बखत निरीक्षण तथा हिसाब जाँच गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा दर्ता अधिकारीले माग गरेको जानकारी सम्बन्धित सहकारी संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै सहकारी संस्थाको काम कारबाही यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता अधिकारीले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(४) नेपाल राष्ट्र बैंकले सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताबको जाँच गर्ने सम्बन्धी व्यवस्था सहकारी सम्बन्धी सङ्घीय कानून बमोजिम हुनेछ ।

(५) उपदफा (४) बमोजिम सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताबको जाँच गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैंकले मन्त्रालयलाई समेत उपलब्ध गराउनु पर्नेछ।

७७. **छानबिन गर्न सक्नेः** (१) कुनै सहकारी संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा पाँच प्रतिशत सदस्यले छानबिनको लागि निवेदन दिएमा दर्ता अधिकारीले त्यस्तो संस्थाको छानबिन गर्न, गराउन सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेश

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानबिनको जानकारी सम्बन्धित सहकारी संस्थालाई लिखित रूपमा दिनु पर्नेछ ।

७८. **बचत तथा ऋणको कारोबार गर्ने संस्था वा सङ्घको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्थाः** (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था वा सङ्घले अवलम्बन गर्ने अनुगमन प्रणाली र अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) दर्ता अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्था वा सङ्घको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्था वा सङ्घको निरीक्षण तथा अनुगमन दर्ता अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ ।

७९. **मन्त्रालयले निरीक्षण तथा अनुगमन गर्नेः** (१) दर्ता अधिकारीबाट कुनै सहकारी संस्थाको निरीक्षण नभएको वा त्यस्तो निरीक्षण प्रभावकारी नभएकोले सदस्यको हितमा प्रतिकूल असर परेको भनी कुनै स्रोतबाट जानकारी हुन आएमा मन्त्रालयले त्यस्तो संस्थाको निरीक्षण तथा अनुगमन गरी सम्बन्धित सहकारी संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएमा त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

(३) मन्त्रालयले यस दफा बमोजिम भएको निरीक्षण तथा अनुगमन र दिइएको निर्देशनको सम्बन्धमा दर्ता अधिकारीलाई समेत जानकारी दिनु पर्नेछ।

८०. **सङ्घले निरीक्षण तथा अनुगमन गर्नु पर्नेः** (१) सङ्घले आफ्ना सदस्यको काम कारबाहीको तोकिए बमोजिम निरीक्षण तथा अनुगमन गरी सोको वार्षिक प्रतिवेदन मन्त्रालय तथा दर्ता अधिकारीलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू समावेश गर्नु पर्नेछः-

(क) अनुगमन तथा निरीक्षण गरेको संस्था वा सङ्घको विवरण,

(ख) संस्था वा सङ्घमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र विनियमको पालनाको अवस्था,

(ग) सदस्यहरूले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(घ) सदस्यहरूको सहभागिताको स्तर,

(ङ) संस्था वा सङ्घको आर्थिक र वित्तीय अवस्था तथा कोषको परिचालन,

(च) तोकिए बमोजिमका अन्य व्यवस्था ।

(३) उपदफा (२) बमोजिम सङ्घले अनुगमन गर्दा आफू मातहतका कुनै संस्था वा सङ्घको काम कारबाहीमा कुनै त्रुटि फेला परेमा त्यस्तो त्रुटि सच्याउन सम्बन्धित संस्था वा सङ्घलाई सुझाव वा निर्देशन दिन सक्नेछ र त्यस्तो सुझाव वा निर्देशनको पालना गर्नु सम्बन्धित संस्था वा सङ्घको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम दिएको सुझाव वा निर्देशनको पालना नभएमा सङ्घले दर्ता अधिकारी समक्ष आवश्यक कारबाहीको लागि सिफारिस गर्नेछ।

(५) उपदफा (३) बमोजिम दिएको सुझाव वा निर्देशन सम्बन्धी विषय सङ्घको वार्षिक प्रतिवेदनमा समेत उल्लेख गर्नु पर्नेछ ।

८१. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेः** (१) दर्ता अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सहकारी संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन सङ्घीय मन्त्रालय, सहकारी विभाग र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछः-

(क) सञ्चालनमा रहेका सहकारी संस्थाको विवरण,

(ख) अनुगमन गरिएका सहकारी संस्थाको सङ्ख्या तथा आर्थिक कारोबारको विवरण,

(ग) सहकारी संस्थामा सहकारी सिद्धान्त र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) सहकारी संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था तथा सोको उपयोगको अवस्था,

(ङ) सहकारी संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) सहकारी संस्थालाई प्रचलित कानून बमोजिम प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको उपयोगको अवस्था,

(छ) सहकारी संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) सहकारी संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) सहकारी संस्थामा रहेका कोषको विवरण,

(ट) सहकारी संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्था वा सङ्घले सञ्चालन गरेको दफा १९ बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण ।

## परिच्छेद –१६

## समस्याग्रस्त संस्था वा सङ्घ

८२. **संस्था वा सङ्घ समस्याग्रस्त भएको घोषणा गर्न सकिने**: (१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्था वा सङ्घमा देहायको अवस्था विद्यमान रहेको देखिएमा दर्ता अधिकारीले त्यस्तो संस्था वा सङ्घलाई समस्याग्रस्त संस्था वा सङ्घको रूपमा घोषणा गर्न मन्त्रालय समक्ष सिफारिस गर्नुपर्नेछः-

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्था वा सङ्घले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तान गर्नुपर्ने दायित्व भुक्तान गर्न नसकेको वा भुक्तान गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था वा सङ्घ सञ्चालन भएको,

(ङ) संस्था वा सङ्घ दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनीय रूपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,

(च) कुनै संस्था वा सङ्घले सदस्यको बचत रकम फिर्ता गर्नुपर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्था वा सङ्घका कम्तीमा पच्चीस जना

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

सदस्यहरूले दर्ता अधिकारी समक्ष निवेदन दिएकोमा छानबिन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्था वा सङ्घलाई मन्त्रालयले समस्याग्रस्त संस्था वा सङ्घ घोषणा गर्न सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम प्रदेश सरकारले गठन गरेको आयोगले कुनै संस्था वा सङ्घलाई समस्याग्रस्त संस्था वा सङ्घ घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी सङ्ख्या, औचित्य समेतको आधारमा मन्त्रालयले त्यस्तो संस्था वा सङ्घलाई समस्याग्रस्त संस्था वा सङ्घ घोषणा गर्न सक्नेछ ।

८३. **<u>व्यवस्थापन समितिको गठन</u>**: (१) यस ऐन बमोजिम कुनै संस्था वा सङ्घलाई समस्याग्रस्त संस्था वा सङ्घ घोषणा गरिएकोमा त्यस्तो संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तान सम्बन्धी कार्य गर्न सहकारी सम्बन्धी सङ्घीय कानून बमोजिम व्यवस्थापन समिति गठनको लागि मन्त्रालयले नेपाल सरकारको सम्बन्धित मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

(२) व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद–१७

## <u>कसुर, दण्ड जरिबाना तथा पुनरावेदन</u>

८४. **<u>कसुर, दण्ड जरिबाना तथा पुनरावेदन</u>**: कसुर, दण्ड जरिबाना तथा पुनरावेदन सम्बन्धी व्यवस्था सहकारी सम्बन्धी सङ्घीय कानून बमोजिम हुनेछ ।

८५. **<u>अनुसन्धानको लागि लेखी पठाउन सक्ने</u>**: दर्ता अधिकारी वा मन्त्रालयले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले सहकारी सम्बन्धी सङ्घीय कानून बमोजिमको कसुर गरेको थाहा पाएमा त्यस्तो कसुरका सम्बन्धमा प्रचलित कानून बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

## परिच्छेद–१८

## <u>विविध</u>

८६. **<u>मताधिकारको प्रयोग</u>**: (१) कुनै सदस्यले सहकारी संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घको हकमा साधारण सभामा भाग लिने प्रयोजनको लागि तोकिए बमोजिम एकभन्दा बढी प्रतिनिधि पठाउन सकिनेछ र प्रतिनिधि पठाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक संस्था वा सङ्घबाट सम्बन्धित सङ्घको समिति वा लेखा सुपरिवेक्षण समितिमा एकभन्दा बढी व्यक्ति निर्वाचित हुन सक्ने छैन ।

८७. **<u>सामाजिक परीक्षण गराउन सक्ने</u>**: (१) सहकारी संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टिको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारण सभामा पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित सहकारी संस्थाले दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

८८. **आर्थिक सहयोग गर्न नहुने**ः सहकारी संस्थाको रकम सदस्य बाहेक अरु कसैलाई आर्थिक सहयोग गर्न पाइने छैन तर सामाजिक कार्यमा भने त्यस्तो सहयोग उपलब्ध गराउन सक्नेछ ।

**स्पष्टीकरण**ः यस दफाको प्रयोजनको लागि “सामाजिक कार्य” भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, विपद् उद्धार तथा राहत, मानवीय सहायता र सहकारिता प्रवर्धन सम्बन्धी कार्यलाई जनाउँछ ।

८९. **अन्तर सहकारी कारोबार गर्न सक्ने**ः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाहरूले एक आपसमा अन्तर सहकारी कारोबार गर्न सक्नेछन् ।

(२) अन्तर सहकारी कारोबार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९०. **ठेक्कापट्टा दिन नहुने**ः सहकारी संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई सो सहकारी संस्थाको ठेक्कापट्टा दिन हुँदैन।

९१. **विवाद समाधान** :सहकारी संस्थाका बीच कुनै विवाद उत्पन्न भएमा सो विवाद निरूपणका लागि तोकिए बमोजिम विवाद निरूपण समितिको गठन गर्न सकिनेछ ।

९२. **प्रोत्साहन गर्न सकिने**ः सहकारी क्षेत्रकोप्रवर्धनको लागि उल्लेखनीय योगदान गर्ने व्यक्ति, सहकारी संस्था वा अन्य निकायलाई तोकिए बमोजिम प्रोत्साहन गर्न सकिनेछ।

९३. **विभागीय कारबाही हुने**ः यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित अधिकारको बदनियतपूर्ण प्रयोग गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही हुनेछ ।

९४. **सरकारी बाँकी सरह असुल उपर हुने**ः कुनै सहकारी संस्था,सङ्घले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरूपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

९५. **कानून बमोजिम हुने**ः यस ऐनमा सङ्घीय कानून बमोजिम हुने भनी अन्यत्र उल्लेख भएका व्यवस्थाका अतिरिक्त देहायका विषयहरू सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछन्:-

(क) सहकारी संस्थालाई प्राप्त हुने कर छुट, सुविधा र सहुलियत सम्बन्धी,

(ख) कालो सूचीमा राख्ने सम्बन्धी,

(ग) कर्जा सूचना केन्द्र सम्बन्धी,

(घ) संस्थाले आपसी सुरक्षण सेवा सञ्चालन गर्ने सम्बन्धी,

(ङ) स्थिरीकरण कोषमा सहभागी हुने सम्बन्धी ।

(च) सहकारी मूल्य,मान्यता र सिद्धान्त सम्बन्धी।

९६. **कम्पनी सम्बन्धी प्रचलित ऐन लागु नहुने**ः यस ऐन अन्तर्गत दर्ता भएको सहकारी संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागु हुने छैन ।

९७. **प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने**ः यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुर्‍याएको मानिने छैन ।

९८. **सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानुनी व्यवस्थाको पालना गर्नु पर्ने**ः सहकारी संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सङ्घीय कानूनको व्यवस्थाका साथै तत्सम्बन्धमा सङ्घीय कानून

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

बमोजिमका निकायले जारी गरेको मापदण्ड र नेपाल राष्ट्र बैंकबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नु पर्नेछ ।

९९. **साझेदारी गर्न सक्ने**: सहकारी मार्फत आर्थिक समृद्धि प्राप्त गर्न प्रदेश सरकार र सहकारी संस्थाहरूले साझेदारीमा विकासका व्यवसायिक परियोजनाहरू सञ्चालन गर्न सक्नेछन् ।

१००. **कार्यक्रम सञ्चालन गर्न सक्ने**: प्रदेश सरकारले सहकारी संस्थाको प्रवर्धन तथा क्षमता विकास गर्नको लागि आवश्यक कार्यक्रम सञ्चालन एवं प्रोत्साहन गर्न सक्नेछ ।

१०१. **नियम बनाउने अधिकार**: यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले नियम बनाउन सक्नेछ।

१०२. **मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्ने**: (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सहकारी संस्थाको दर्ता, सञ्चालन, निरीक्षण, अनुगमन तथा प्रवर्धन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न मन्त्रालयले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार दर्ता अधिकारी, नेपाल राष्ट्र बैंक र सम्बन्धित निकायहरुको परामर्श लिन सकिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

अनुसूची-१

(दफा १२ को उपदफा (१)सँग सम्बन्धित)

**<u>दर्ता दरखास्तको निवेदन</u>**

श्री दर्ता अधिकारी ज्यू ,                                        मिति : ......../........./......

..........., .............

विषयः सहकारी संस्था दर्ता सम्बन्धमा ।

महोदय,

हामी देहायका व्यक्तिहरू देहायको सहकारी संस्था दर्ता गरी पाउन तपसिल बमोजिमको विवरण तथा अन्य कागजात सहित सहकारी ऐन, २०७५ को दफा १२ को उपदफा (१) बमोजिम यो निवेदन पेश गरेका छौं । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेश गरेका छौं ।

(१) संस्था सम्बन्धी विवरण

(क) प्रस्तावित सहकारी संस्थाको नामः

(ख) ठेगाना :

(ग) उद्देश्य :

(घ) मुख्य कार्य :

(ङ) कार्यक्षेत्र :

(च) दायित्व :

(छ) सदस्य सङ्ख्या :

(१) महिला :

(२) पुरुषः

(ज) शेयर पूँजीको रकम : (अ) चुक्ता पूँजी : (आ) कूल पूँजी :

(झ) प्रवेश शुल्क वापत प्राप्त रकमः

(२) यो ऐन लागु हुनु पूर्व दर्ता भएका सहकारी संस्थाले यस ऐनको दफा १३ को उपदफा (३) बमोजिम अद्यावधिक हुनको लागि दिने निवेदनमा बुँदा नं (१) का कुराका अतिरिक्त देहायका विवरणहरु समावेश गर्नु पर्नेछः

(क) दर्ताको प्रमाणपत्र

(ख) विनियम

(ग) अन्य आवश्यक विवरण

निवेदकः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

अनुसूची-२

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

**<u>सहकारी संस्था दर्ता प्रमाण पत्रको नमूना</u>**

गण्डकी प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

दर्ता अधिकारीको कार्यालय

.............. ,..........

सहकारी संस्था दर्ता प्रमाण पत्र

दर्ता नंः .                                                                                                                                 दर्ता मिति :

सहकारी ऐन, २०७५ को दफा १३ को उपदफा (१) बमोजिम श्री.......................... .............सहकारी संस्था/सङ्घ लि लाई सीमित दायित्व भएको सहकारी संस्था/सङ्घ लि. दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण पत्र प्रदान गरिएको छ ।

सहकारी संस्था/सङ्घ लि को वर्गीकरण :..................................

सहकारी संस्था/सङ्घ लि को कार्यक्षेत्र :..................................

सहकारी संस्था/ सङ्घ लि दर्ताको आधार :..................................

दर्ता गर्ने अधिकारीको-,

दस्तखत :

मिति :

नाम :

दर्जा :

कार्यालयको छाप :

नोट :- संस्था/सङ्घको विनियममा उल्लेखित कार्यहरु गर्न प्रचलित कानूनहरुले इजाजत लिनुपर्ने भएमा सम्बन्धित निकायवाट इजाजत लिनुपर्नेछ । साथै सम्झौता गरी कारोबार गर्नुपर्ने भएमा सम्झौता गरी सोको लिखत जानकारी गराए पछि मात्र कारोबार गर्न सकिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश